# पाँच वर्षीय रणनीतिक योजना

## (माघ २०७८-पुस २०८४)

स्वीकृत गरिएको मिति: २०७९/०८/१८




नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**

श्रीमहल, पुल्चोक, ललितपुर

# पाँच वर्षीय रणनीतिक योजना

## (माघ २०७८-पुस २०८४)

स्वीकृत गरिएको मिति: २०७९/०८/१८


नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**

श्रीमहल, पुल्चोक, ललितपुर

# विषयसूची

## परिच्छेद -१
## परिचय


१. परिचय ............ १
२. सङ्गठन संरचना ............ १
३. काम, कर्तव्य र अधिकार ............ २
४. कार्यक्षेत्र ............ ४
४. परिषद्को विद्यमान अवस्था विश्लेषण ............ ४


## परिच्छेद -२
## पाँच वर्षीय रणनीतिक योजना


१. रणनीतिक योजनाको आवश्यकता वा औचित्य ............ ७
२. दूरदृष्टी ............ ७
३. ध्येय ............ ७
४. लक्ष्य ............ ७
५. उद्देश्य ............ ७
६. रणनीतिहरु ............ ७
७. कार्ययोजना ............ ९
८. अपेक्षित उपलब्धि ............ २२
९. अध्ययन, अनुगमन, प्रतिवेदन, मूल्याङ्कन र संप्रेषण ............ २२
१०. कार्यान्वयन व्यवस्था ............ २२
११. स्रोत व्यवस्थापन ............ २३

# परिच्छेद -एक

## परिचय

स्वीकृत गरिएको मिति २०७९/०८/१८

१. **परिचय :**

तत्कालीन बालबालिका सम्बन्धी ऐन, २०४८ बमोजिम स्थापित केन्द्रीय बालकल्याण समितिलाई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम नेपाल सरकार(मन्त्रिषरिषद्)को वि.सं. २०७६/०३/१२ को निर्णयले रूपान्तरण गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा नेपाल सरकारको बालबालिका सम्बन्धी विशिष्टीकृत निकायको रूपमा राष्ट्रिय बाल अधिकार परिषद्को स्थापना भएको हो । विशेषतः नेपालमा बाल अधिकार संरक्षण र सम्वर्द्धन गर्ने, बालबालिकाको संरक्षणका लागि समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्ने, संघ, प्रदेश र स्थानीय तहमा बाल अधिकारका विषयहरूलाई समन्वय, सहयोग र सहजीकरण गर्ने, सम्बद्ध निकायको क्षमता अभिवृद्धि गर्ने लगायतका कार्यहरूमा परिषद्को भूमिका र जिम्मेवारी रहेको छ । प्रत्येक बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि परिषद्ले सबै तहका सरकारी निकाय र विकास साझेदार संस्थाहरू, नागरिक समाज, निजी क्षेत्र र सञ्चार माध्यमसँग समन्वय र सहकार्य गर्दै परिणाममूखी कार्यक्रम कार्यान्वयनमा प्रयत्नशील छ । कानून प्रदत्त कार्यादेश योजनाबद्ध रूपबाट सम्पादन गर्ने अभिप्रायले परिषद्ले बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ७६ को खण्ड (ग) बमोजिम पाँच वर्षको रणनीतिक योजना बनाएको छ ।

२. **सङ्गठन संरचना :**

बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ७५ को उपनियम (१) बमोजिम परिषद्को सङ्गठन संरचना देहाय बमोजिम रहेकोछः-

| | | |
|---|---|---|
| १. | मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | - अध्यक्ष |
| २. | बाल अधिकार, बाल संरक्षण, बालकल्याण वा बाल न्यायका क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेका व्यक्ति मध्येबाट नेपाल सरकारले मनोनयन गरेको व्यक्ति | - उपाध्यक्ष |
| ३. | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | - सदस्य |
| ४. | सह-सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| ५. | सह-सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बालबालिका सम्बन्धी विषय हेर्ने) | - सदस्य |
| ६. | सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| ७. | सह-सचिव, गृह मन्त्रालय | - सदस्य |

| | | |
|---|---|---|
| ८. | सह-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| ९. | सह-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह हेर्ने) | - सदस्य |
| १०. | सह-सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| ११. | सह-सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - सदस्य |
| १३. | सह-सचिव, राष्ट्रिय योजना आयोग (बालबालिका सम्बन्धी विषय हेर्ने) | - सदस्य |
| १४. | महाशाखा प्रमुख, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (बालबालिका सम्बन्धी विषय हेर्ने) | - सदस्य |
| १५. | सचिव, प्रत्येक प्रदेशका बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय | - सदस्य |
| १६. | प्रहरी नायव महानिरीक्षक, प्रहरी प्रधान कार्यालय (बालबालिका सम्बन्धी विषय हेर्ने) | - सदस्य |
| १७. | बाल अधिकार, बाल संरक्षण, बालकल्याण वा बाल न्यायका क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका व्यक्ति मध्येबाट नेपाल सरकारले मनोनयन गरेका कम्तीमा तीनजना महिला सहित सातजना | - सदस्य |
| १८. | नेपाल सरकारले नियुक्त गरेको व्यक्ति | - सदस्य-सचिव |

**३. परिषद्को काम, कर्तव्य र अधिकार :**

बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ७६ को उपनियम (१) अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ र यसको नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

१. बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,

२. बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने,

३. परिषद्को दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

४. नेपाल सरकारले जारी गरेका बालबालिकासँग सम्बन्धित नीति तथा कानूनको कार्यान्वयनको लागि समन्वय तथा सहकार्य गर्ने तथा कार्यान्वयन स्थितिको आवधिक समीक्षा गरी मन्त्रालयसमक्ष प्रतिवेदन पेश गर्ने,

५. नेपाल सरकारद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

६. नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अन्तर्गत आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,
७. प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने तथा समीक्षा सहितको वार्षिक प्रतिवेदन तयारीको लागि प्रदेश र स्थानीय बाल अधिकार समितिसँग समन्वय र सहजीकरण गर्ने,
८. बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने,
९. प्रदेश र स्थानीय बाल अधिकार समितिबाट प्राप्त वार्षिक प्रतिवेदन तथा विवरण समेतको आधारमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा सार्वजनिक गर्ने,
१०. परिषद्को कार्यालय, कर्मचारी दरबन्दी तथा जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालीम दिने तथा क्षमता अभिवृद्धि गर्ने,
११. नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि दिपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवं अन्तर्राष्ट्रिय संघ-संस्थाबाट प्राप्त सहायता परिचालन गरी आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने,
१२. विपद्का समयमा बाल संरक्षणका लागि आवश्यक समन्वय, सेवा प्रवाह अवस्थाको अनुगमन, बालबालिकाको उद्धार तथा संरक्षणको कार्य गर्ने,
१३. स्थानीय तहलाई बालमैत्री बनाउन प्रवर्धनात्मक तथा सहजीकरणका कार्यक्रम सञ्चालन गर्ने,
१४. मुलुकबाहिर ओसारपसार, बेचबिखन, हिंसा, शोषणको शिकार भएका तथा बेवारिसे भएका नेपाली बालबालिकाको उद्धार, स्वदेश फिर्ती, परिवार पहिचान तथा पुनर्मिलन र पुनःस्थापनाको कार्य गर्ने,
१५. नेपाल सरकारको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालन गर्ने,
१६. बाल सुधार गृहको सञ्चालन तथा व्यवस्थापनका लागि समन्वय तथा सहजीकरण गर्ने ।

बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ७६ को उपनियम (१) बमोजिम परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार परिषद्को उपाध्यक्ष वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था रहेको छ । कानूनी कार्यादेश बमोजिम परिषद्ले नीतिगत परामर्श, योजना, सूचना व्यवस्थापन, क्षमता विकास, समीक्षा तथा मूल्याङ्कन, प्रतिवेदन तयारीका साथै प्रवर्द्धन, समन्वय, संरक्षण, विपद्मा बाल संरक्षण, सहयोग तथा सहजीकरण गर्ने, बाल गृह तथा अस्थायी संरक्षण सेवाको प्रबन्ध तथा नियमन जस्ता कार्यहरू सम्पादन गर्ने भूमिका निर्वाह गरिरहेको छ ।

बालबालिका सम्बन्धी नियमावलीको विभिन्न नियमहरूमा उल्लेख भए बमोजिम परिषद्ले बाल गृह, अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था, पुनःस्थापना केन्द्र, परिवारमा आधारित हेरचाह गर्ने जस्ता संस्थाको सञ्चालन अनुमति दिने, अनुगमन गर्ने र नवीकरण गर्ने जस्ता कार्यहरू निरन्तर र नियमित

रूपमा गरिरहेको छ। यस्ता संस्थाहरू सञ्चालनका लागि आवश्यक बालमैत्री भौतिक पूर्वाधार र संरचना, आर्थिक स्रोत, जनशक्ति, संरक्षित बालबालिकाले पाउनु पर्ने सेवा, सुविधा र संरक्षण, बैङ्क ग्यारेण्टी विवरण लगायतका मापदण्ड निर्माण गर्ने काम परिषद्लाई तोकिएको छ। यस्ता संस्थाहरू लगायत निगरानी कक्ष र बाल सुधार गृहको न्यूनतम सेवा, सुविधाको अनुगमन तथा आकस्मिक निरीक्षण गर्ने, तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउने, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सेवा सहायता प्रदान गर्नका लागि कोष परिचालन गर्न सिफारिस गर्ने, गैरसरकारी संस्थाको समन्वयमा बाल हेल्पलाइन सेवा सञ्चालन गर्ने, आवश्यकता अनुसार उप-समिति वा कार्यटोली गठन गरी परिषद्को कार्य सम्पादन गर्ने/गराउने, नेपाल सरकारको स्वीकृति लिई बाल संरक्षण तथा प्रवर्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहायता परिचालन गर्नेदेखि लिएर परिषद्को सङ्गठन संरचना, दरबन्दी, कर्मचारी सम्बन्धी व्यवस्था गर्नेजस्ता कार्यहरू परिषद्ले सम्पादन गर्नु पर्ने व्यवस्था रहेको छ।

### ४. कार्यक्षेत्र

परिषद्लाई कानून प्रदत्त काम, कर्तव्य र अधिकारहरू बमोजिम कार्य सम्पादनका क्षेत्रहरू मूलतः कानूनी तथा नीतिगत परामर्श, बाल अधिकार सम्बन्धी कानूनी, नीतिगत तथा कार्यक्रमिक कार्यान्वयनको सिलसिलामा विभिन्न सरोकारवालासँगको समन्वय र सहकार्य, संघ, प्रदेश र स्थानीय तहका सरोकारवालाको क्षमता अभिवृद्धि, नेपाल सरकारबाट स्वीकृत कार्यक्रम सञ्चालन तथा विभिन्न विकास साझेदार र संघसंस्थाबाट प्राप्त सहायता परिचालन एवम् सहकार्य, बाल हिंसा, शोषण, दुर्व्यवहार विरुद्ध लगायत विभिन्न जोखिम र विपद्का समस्या सम्बोधन सम्बन्धी कार्यहरू, बाल गृह तथा अस्थायी संरक्षण सेवाहरूको अनुमति, अनुगमन एवम् नियमन, बालबालिका सम्बन्धी सूचना व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, अध्ययन, प्रतिवेदन लगायतका विषयहरू पर्दछन्।

### ५. परिषद्को विद्यमान अवस्था विश्लेषण

#### ५.१ विद्यमान अवस्था

२०७६ मा स्थापित राष्ट्रिय बाल अधिकार परिषद्ले २०७७ श्रावणमा पहिलो कार्यकारी निर्देशक तथा परिषद् सदस्यहरूको नियुक्तिसँगै पूर्णता प्राप्त गरेको थियो। बालबालिका सम्बन्धी नियमावली, २०७८ को व्यवस्था अनुरूप परिषद्को उपाध्यक्ष, नागरिक समाजबाट थप तीनजना सदस्यहरू र सदस्य-सचिवबाट कार्यभार सम्हाली सकेको अवस्था छ। परिषद् अन्तर्गत गठित उप-समिति, विज्ञ तथा विशेषज्ञ समूहको सदुपयोग गरी कार्य सम्पादन अझ प्रभावकारी बनाउनका लागि परिषद् क्रियाशील रहेको छ।

राष्ट्रिय बाल अधिकार परिषद्को नयाँ निर्माण गरिएको भवनमा समाज कल्याण परिषद् रहेकोले राष्ट्रिय बाल अधिकार परिषद् हाल महिला तथा बालबालिका विभागको कार्यालय रहेको भवनमा रहेको छ र आवश्यक स्थान तथा कार्यकक्षहरूको अभावमा कार्य सञ्चालन भइरहेको छ । हाल परिषद्मा नेपाल सरकारबाट स्वीकृत स्थायी र अस्थायी गरी जम्मा २० जनाको दरबन्दीमा कर्मचारीहरू कार्यरत छन् भने अन्य १७ जना कर्मचारीहरू विभिन्न परियोजनाहरूबाट व्यवस्थापन गरिएको छ । कानूनतः प्राप्त कार्यादेशको पूर्ण परिपालनाका लागि परिषद्मा आवश्यक दरबन्दीको व्यवस्था हुन अति आवश्यक छ ।

हाल परिषद्ले संघ, प्रदेश तथा स्थानीय तहलाई नीतिगत परामर्श, प्राविधिक सहयोग, क्षमता अभिवृद्धि लगायतका कार्यहरू सञ्चालन गरिरहेको छ । बालबालिकासँग सम्बन्धित सवालहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सहकार्य तथा सहजीकरण गरिरहेको छ । यसका साथै नागरिक सङ्गठन तथा विकास साझेदारहरूसँगको सहकार्यमा बाल अधिकार अवस्था अनुगमन, बाल अधिकार प्रवर्द्धन तथा बाल संरक्षणका लागि विभिन्न राष्ट्रिय अभियानहरू, नीति संवादहरू पनि सञ्चालन गरिरहेको छ ।

यस परिषद्बाट हाल देशका १८ (अठार) स्थानबाट बाल हेल्पलाइन सेवा सञ्चालनमा सहयोग तथा सहजीकरण भइरहेको छ । बालहेल्पलाइनको क्षमता अभिवृद्धि र विस्तार हुन आवश्यक देखिएको छ । बालबालिका खोजतलास सेवा (१०४) सञ्चालनका लागि नेपाल प्रहरी तथा परिषद्को सहकार्यमा काठमाडौंमा केन्द्रीय कार्यालय सञ्चालनमा छ । प्रदेशसँगको सहकार्यमा प्रदेश नं. १, मधेश प्रदेश र लुम्बिनी प्रदेशमा बालबालिका खोजतलास प्रदेश समन्वय सेवा (१०४) सञ्चालनमा रहेको छ । यो सेवालाई सबै प्रदेश, जिल्ला र नेपाल प्रहरीको प्रत्येक महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा विस्तार र सञ्चालन हुन आवश्यक छ ।

परिषद्ले सडक बालबालिका मुक्त तथा बालश्रम मुक्त राष्ट्र निर्माण अभियानमा सडक बालबालिका, श्रमिक बालबालिका, बेवारिस फेला परेका बालबालिका तथा हराएका बालबालिकाको उद्धार तथा संरक्षण व्यवस्थापन, पारिवारिक पुनर्मिलन र पुनःस्थापनाको कार्यहरू गरिरहेको छ । यस कार्यका लागि पर्याप्त आर्थिक स्रोत व्यवस्थापन हुन जरुरी देखिएको छ । परिषद्ले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकालाई संरक्षण सहायता तथा आर्थिक राहत सहायता, बाल गृह अनुगमनका कार्यहरू गरिरहेको छ । परिषद्ले बाल अधिकार तथा बाल संरक्षणका विभिन्न विषय तथा क्षेत्रहरूमा अध्ययन तथा अनुसन्धानका कार्यहरू पनि सञ्चालन गरिरहेको छ । परिषद्को कार्यादेश अनुसारका यी कार्यहरू सञ्चालन तथा कार्यान्वयनका लागि संयुक्त राष्ट्रसंघीय निकाय लगायत बाल अधिकारको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्दै आएकोछ ।

### ५.२ परिषद्का सवल पक्ष, अवसर, समस्या र चुनौतीहरू

#### ५.२.१ सवल पक्ष

बालबालिका सम्बन्धी नियमावली, २०७८ बमोजिम परिषद्लाई स्पष्ट कार्यादेश छ । परिषद् अन्तर्गत विभिन्न उप-समितिहरू छन्, जसबाट परिषद्को कार्य सम्पादनमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । कार्यादेश अनुसार बाल अधिकार संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित कार्य सम्पादनका लागि परिषद्मा अनुभवी जनशक्तिसमेत रहेकोछ । विकास साझेदारसँगको सहकार्यमा आवश्यक थप जनशक्तिको व्यवस्था गर्न सकिने अवस्था रहेकोछ । प्रदेशस्तरमा बालबालिकाका विषयहरूमा समन्वय तथा सहकार्य गर्नका लागि हाल चारवटा प्रदेशको (प्रदेश नं. १, मधेश प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेश) सामाजिक विकास मन्त्रालयमा परिषद्को तर्फबाट समन्वय अधिकृत कार्यरत रहेका छन् । विकास साझेदारसँगको सहकार्यमा बाल अधिकार संरक्षण र प्रवर्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालनमा रहेका छन् भने गैरसरकारी संस्था तथा नागरिक सञ्जालसँगको समन्वयमासमेत कतिपय कार्यहरू सम्पादन गर्न सकिने स्थिति रहेको छ ।

#### ५.२.२ अवसर

कानून र नीतिका व्यवस्थाबाट बाल अधिकार संरक्षण र सम्वर्द्धनका सवालहरूमा निरन्तरता दिनुपर्ने एवम् नवीनतम् कार्यहरू गर्नका लागि विविध अवसरहरू सिर्जना भएका छन् । परिषद्मा बाल अधिकारका क्षेत्रमा लामो समय काम गरेका विशिष्ट अनुभव भएका मनोनित सदस्यहरू रहनुले पनि परिषद्को कार्य सम्पादनमा थप योगदान पुग्ने अवसर सिर्जना भएको छ ।

विकास साझेदार एवम् संघसंस्थाहरू र नागरिक सञ्जालसँगको सहकार्य बढ्दो वा उत्साहजनक रहेको छ । सरकार तथा विकास साझेदारको बालबालिकाका सवालहरूमा बढ्दो चासो वा संवेदनशीलताबाट परिषद्लाई बाल अधिकार संरक्षण र सम्वर्द्धन सम्बन्धी कार्यहरू गर्न आर्थिक स्रोत व्यवस्थापन तथा परिचालनका लागि थप अवसर सिर्जना भएको छ । यसैगरी, प्रदेश, जिल्ला र स्थानीय तहहरूसँगको सहकार्यमा बालबालिकाका विषयहरू र क्षमता अभिवृद्धिका कार्यहरू गर्ने अवसरहरू बढ्दो छ ।

#### ५.२.३ प्रमुख समस्या तथा चुनौतीहरू

आर्थिक स्रोतको कमीको कारण परिषद्लाई कार्यादेश अनुसारका कार्यहरू सम्पादनमा समस्या भइरहेको छ । यसबाट सडक बालबालिका, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सहयोग र घटना व्यवस्थापन, हिंसा, दुर्व्यवहार तथा जोखिममा परेका बालबालिकाका समस्याहरू तत्कालै सम्बोधन गर्न, संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध संयन्त्रको आवश्यक क्षमता अभिवृद्धि, सहयोग र सहजीकरण गर्ने लगायतका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्न गराउन चुनौतिपूर्ण देखिएको छ । यसैगरी, राष्ट्रिय बाल अधिकार परिषद्को जनशक्ति व्यवस्थापन, प्रदेशस्तरीय समन्वय इकाहरूको

स्थापना र परिचालन तथा कार्यादेश बमोजिम कार्य सम्पादनका लागि आवश्यक आर्थिक स्रोत व्यवस्थापन गर्ने, बाल अधिकार एवम् बाल संरक्षण सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको विकास र प्रयोगमा ल्याउन, सबै स्थानीय तहमा बालबालिकासँग सम्बन्धित कार्य गर्ने जनशक्ति र प्रदेश तथा स्थानीय बाल अधिकार समितिको क्षमता विकास तथा अभिवृद्धि गर्ने कार्यहरू चुनौतिपूर्ण रहेको छ ।

# परिच्छेद -दुई

## पाँच वर्षीय रणनीतिक योजना

१. **रणनीतिक योजनाको आवश्यकता र औचित्य**

बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ७६ को उपनियम (१) अनुसार राष्ट्रिय बाल अधिकार परिषद्को काम, कर्तव्य र अधिकार लगायतका कार्यहरू सम्पादन गरी बाल अधिकार संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउन जरुरी देखिएको छ । यस सन्दर्भमा कार्यादेशमा उल्लिखित व्यवस्था अनुसार दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने भन्ने उद्देश्यका साथ यो रणनीतिक योजना निर्माण गरिएको छ ।

२. **दूरदृष्टी**: बाल अधिकार संरक्षण र प्रवर्द्धन सुनिश्चित भएको हुने ।

३. **ध्येय**: बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय बाल अधिकार परिषद्लाई सवल र सक्षम बनाउने ।

४. **लक्ष्य**: राष्ट्रिय बाल अधिकार परिषद्लाई बाल अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धमा ज्ञान, सीप, सूचना र क्षमता केन्द्रित विशिष्टीकृत निकायको रूपमा सुदृढ गर्ने ।

५. **उद्देश्य**

१. बालबालिका सम्बन्धी कानून, नीति र योजना तर्जुमामा सहयोग तथा कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।
२. आवश्यक स्रोत साधनसहित परिषद्को संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
३. बाल अधिकार संरक्षण र प्रवर्द्धनमा संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध संयन्त्रसँगको सहकार्य तथा क्षमता विकास अभिवृद्धि गर्ने ।
४. बाल अधिकार सम्बन्धी राष्ट्रिय सूचना तथा स्रोत केन्द्रको विकास र सञ्चालन गर्ने ।

६. **रणनीतिहरू**

उपर्युक्त उद्देश्यहरू हासिल गर्नका लागि देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछः-

१. बाल अधिकार महासन्धि लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालमैत्री कानून, नीति र कार्यक्रम निर्माण तथा तर्जुमा र कार्यान्वयनका लागि समन्वय र सहजीकरण गरिनेछ ।(उद्देश्य १)
२. बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावली २०७८ ले तोके अनुसार प्रदेश तथा स्थानीय तहमा कानूनी तथा नीतिगत व्यवस्थाका लागि समन्वय र सहजीकरण गरिनेछ । (उद्देश्य १)

३. बाल अधिकार र बाल संरक्षणका विषयहरूलाई समय सापेक्ष रूपमा सम्बोधन गर्नको लागि राष्ट्रिय बाल अधिकार परिषद्‌लाई आर्थिक र मानवीय स्रोत साधन सम्पन्न बनाइने छ ।(उद्देश्य २)

४. राष्ट्रिय बाल अधिकार परिषद्‌को कार्य सम्पादन मूल्याङ्कन गरिनेछ ।(उद्देश्य २)

५. संघ, प्रदेश र स्थानीय तहमा बाल संरक्षण सम्बन्धी आवश्यक सबै सेवा प्रवाह सरल, चुस्त, सहज र बालमैत्री बनाउन संरक्षण संयन्त्र र जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ । (उद्देश्य ३)

६. परिषद्‌मार्फत सञ्चालनमा रहेका बाल संरक्षण संयन्त्रहरूको विस्तार गरी विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको सेवा प्रवाहमा पहुँच बढाइने छ । (उद्देश्य ३)

७. विशेष संरक्षणको आवश्यकता भएका लगायतका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था प्रवर्द्धन गर्दै निःसंस्थाकरण अभियान सवल बनाइने छ । (उद्देश्य ३)

८. बाल अधिकार सम्बन्धी राष्ट्रिय सूचना तथा स्रोत केन्द्रको विकास र सञ्चालन गर्न आवश्यक आर्थिक र प्राविधिक स्रोतसाधनको व्यवस्था गरिनेछ । (उद्देश्य ४)

९. बाल अधिकार तथा बाल संरक्षण सम्बन्धी सूचना व्यवस्थापनका लागि प्रदेश र स्थानीय

तहसँग समन्वय र सहजीकरण गरिनेछ। (उद्देश्य ४)

## ७. कार्ययोजना

रणनीति-१: बाल अधिकार महासन्धि लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालमैत्री कानून, नीति र कार्यक्रम निर्माण तथा तर्जुमा र कार्यान्वयनका लागि समन्वय र सहजीकरण गरिनेछ।(उद्देश्य १)

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| **कार्यनीति-१**: बाल अधिकार महासन्धि लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार विद्यमान कानून तथा नीतिमा आवश्यक सुधारका लागि नेपाल सरकारलाई सुझाव दिइनेछ। | • बालबालिका सम्बन्धी ऐन, २०७५ र अन्य सम्बन्धित ऐनको समीक्षा गरी सुधार गर्नुपर्ने विषयहरूको सुझाव प्रतिवेदन तयार गर्ने।<br>• बालबालिका सम्बन्धी नीति कार्यान्वयन गर्ने। | • सुझाव प्रतिवेदन अनुसार बालबालिका सम्बन्धी ऐन तथा अन्य सम्बन्धित ऐनको सुधारका लागि समन्वय गर्ने।<br>बालबालिका सम्बन्धी नीति कार्यान्वयन गर्ने। | • बालबालिका सम्बन्धी राष्ट्रिय नीति एवम् अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | • तेस्रो वर्षमा गरिएका समीक्षाको सुझाव बमोजिमका कार्यहरू कार्यान्वयन गर्ने। | • बालबालिका सम्बन्धी ऐन, २०७५ र अन्य सम्बन्धित ऐन तथा राष्ट्रिय नीति कार्यान्वयनको मूल्याङ्कन गर्ने। | २५ |
| **कार्यनीति-२**: बालबालिका सम्बन्धी नियमावली, २०७८ ले निर्दिष्ट गरेका मापदण्ड तथा कार्यविधि निर्माण गरी लागू गरिनेछ। | • मापदण्ड तथा कार्यविधि तयारी गरी परिषद्बाट स्वीकृत गर्ने। | • स्वीकृत मापदण्ड तथा कार्यविधि सम्बन्धमा सरोकारवालाहरूलाई अभिमूखीकरण गर्ने। | • मापदण्ड तथा कार्यविधि कार्यान्वयनको अनुगमन गर्ने। | • मापदण्ड तथा कार्यविधि कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | • समीक्षाको सुझाव बमोजिमका कार्यहरू गर्ने। | १५ |

रणनीति-२: बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावली २०७८ ले तोके अनुसार प्रदेश तथा स्थानीय तहमा कानूनी तथा नीतिगत व्यवस्थाका लागि समन्वय र सहजीकरण गरिनेछ ।(उद्देश्य १)

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-१: सबै स्थानीय तहमा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिमका कार्यहरू (बाल अधिकार समिति, बालकल्याण अधिकारी, कार्यविधि, र बाल कोष) सम्पादनमा समन्वय र सहजीकरण गरिनेछ । | • सबै स्थानीय तहलाई बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी नमूना कार्यविधि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत उपलब्ध गराउने ।<br>• ७५३ स्थानीय तहमा बालबालिका सम्बन्धी ऐन २०७५ बमोजिमका संरचना सम्बन्धी कार्यहरू सम्पादन गर्न समन्वय र सहजीकरण गर्ने ।<br>• यस कार्यमा विकास साझेदार र नागरिक सञ्जालसँग समन्वय र सहकार्य गर्ने । | • स्थानीय तहमा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिमका संरचना निर्माण तथा कार्यान्वयनको अवस्थाको विवरण संकलन तथा समीक्षा गर्ने र सबै स्थानीय तहमा संरचना निर्माण र क्रियाशील बनाउन समन्वय र सहजीकरण गर्ने ।<br>• यस कार्यमा विकास साझेदार र नागरिक सञ्जालसँग समन्वय र सहकार्य गर्ने । | • स्थानीय तहमा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिमका संरचना निर्माण तथा कार्यान्वयनको अवस्थाको विवरण संकलन तथा समीक्षा गर्ने ।<br>• यस कार्यमा विकास साझेदार र नागरिक सञ्जालसँग समन्वय र सहकार्य गर्ने । | • स्थानीय तहमा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिमका संरचना निर्माण तथा कार्यान्वयन अवस्थाको विवरण संकलन तथा समीक्षा गर्ने ।<br>• यस कार्यमा विकास साझेदार र नागरिक सञ्जालसँग समन्वय र सहकार्य गर्ने । | • समीक्षाको सुझाव बमोजिमका कार्यहरू गर्ने ।<br>• यस कार्यमा विकास साझेदार र नागरिक सञ्जालसँग समन्वय र सहकार्य गर्ने । | २० |

रणनीति-३: बाल अधिकार र बाल संरक्षणका विषयहरूलाई समय सापेक्षरूपमा सम्बोधन गर्नको लागि राष्ट्रिय बाल अधिकार परिषद्लाई आर्थिक र मानवीय स्रोत साधन सम्पन्न बनाइनेछ।(उद्देश्य २)

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-१ परिषद्को कार्यालय र कर्मचारी दरबन्दी तथा जनशक्ति व्यवस्थापन गरिनेछ। | • सङ्गठन व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना तथा आवश्यक कर्मचारी दरबन्दी परिषद्बाट पारित गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने।<br>• सातै प्रदेशमा समन्वय र सहजीकरणका लागि समन्वय अधिकृतहरूको व्यवस्था गरी परिचालन गर्ने।<br>• कर्मचारीको समीक्षा र सदस्यहरू तथा कर्मचारीका लागि पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्ने। | • स्वीकृत सङ्गठन व्यवस्थापन सर्वेक्षणका आधारमा आवश्यक कर्मचारी दरबन्दी अनुसार विगतदेखि कार्यरत कर्मचारीको समायोजन र आवश्यक नयाँ कर्मचारीको व्यवस्था तथा क्षमता अभिवृद्धि गर्ने।<br>• कर्मचारीको समीक्षा र सदस्यहरू तथा कर्मचारीका लागि पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्ने। | • सङ्गठन संरचना र कर्मचारीको समीक्षा र सदस्यहरू तथा कर्मचारीका लागि पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्ने। | • जनशक्तिको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्ने। | • परिषद्को कार्यादेश सम्पादनमा कार्यालय र कर्मचारी व्यवस्थापनको मूल्याङ्कन गर्ने।<br>• कर्मचारीको समीक्षा र सदस्यहरू तथा कर्मचारीका लागि पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्ने। | २० |
| कार्यनीति-२: परिषद्को जिम्मेवारी अनुसारको कार्यहरू सम्पादनका लागि पर्याप्त भौतिक र आर्थिक स्रोत साधनको व्यवस्था गरी परिचालन गरिनेछ। | • परिषद्को जिम्मेवारी अनुसारको कार्य सम्पादनका लागि नेपाल सरकारबाट विनियोजित हुने वार्षिक बजेट अभिवृद्धि गर्न समन्वय गर्ने।<br>• बाल अधिकार प्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवं अन्तर्राष्ट्रिय संघसंस्था, निजीक्षेत्रसँग समन्वय गरी सहायता तथा सहकार्य अभिवृद्धि गर्ने।<br>• सातै प्रदेशमा बालबालिका खोजतलास प्रदेश सेवा विस्तारका लागि भवन प्राप्ति गर्ने।<br>• विकास साझेदार तथा गैसस तथा नागरिक सङ्गठन सञ्जालहरूसँग समन्वय र वार्षिक समीक्षा बैठक गर्ने।<br>• बाल अधिकारसँग सम्बन्धित संवैधानिक आयोगहरूसँग समन्वय र सहकार्य अभिवृद्धि गर्न अन्तरक्रिया गर्ने। | • नेपाल सरकारबाट विनियोजित हुने वार्षिक बजेट अभिवृद्धि गर्न समन्वय गरी परिचालन गर्ने।<br>• द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवं अन्तर्राष्ट्रिय संघसंस्था, निजीक्षेत्रसँग समन्वय गरी सहायता तथा सहकार्य वृद्धि गर्ने।<br>• विकास साझेदार तथा गैसस तथा नागरिक सङ्गठन सञ्जालहरूसँग वार्षिक समीक्षा बैठक गर्ने।<br>• बाल अधिकारसँग सम्बन्धित संवैधानिक आयोगहरूसँगको समन्वय र सहकार्य प्रवर्द्धनका लागि<br>अन्तरक्रिया र वार्षिक समीक्षा गर्ने। | • नेपाल सरकारबाट विनियोजित हुने वार्षिक बजेट अभिवृद्धि गर्न समन्वय गर्ने र परिचालन गर्ने।<br>• द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवं अन्तर्राष्ट्रिय संघसंस्था, निजीक्षेत्रसँग सहकार्य तथा सहायता अभिवृद्धि गरी परिचालन गर्ने।<br>• विकास साझेदार तथा गैसस एवम् नागरिक सङ्गठन सञ्जालसँग वार्षिक समीक्षा बैठक गर्ने। | • स्रोत साधन कार्यान्वयनको मूल्याङ्कन गर्ने।<br>• विकास साझेदार तथा गैसस संघ/महासंघसँग वार्षिक समीक्षा बैठक गर्ने।<br>• मानव अधिकार आयोग तथा अन्य संवैधानिक आयोगसँग बाल अधिकार प्रवर्धन र प्रचलन गराउन समन्वय र सहकार्य गरी वार्षिक समीक्षा गर्ने। | समीक्षाको सुझाव बमोजिमका कार्यहरू गर्ने। | १०० |

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-३ परिषद्मा नागरिक सङ्गठनहरूबाट मनोनित सदस्यहरूलाई उपसमितिहरूमार्फत बाल अधिकार प्रवर्द्धनमा क्रियाशील बनाइने छ। | • विषयगत उपसमितिहरू र विशेषज्ञ समूह पुनर्गठन गरी बाल अधिकार प्रवर्द्धनमा कार्यदिशसहित क्रियाशील बनाउने। | • विषयगत उपसमितिहरू र विशेषज्ञ समूहको योगदान समीक्षा गरी अझ सक्रिय बनाउन अन्तरक्रिया गरी उपायहरू अवलम्बन गर्ने। | • विषयगत उपसमितिहरू र विशेषज्ञहरूबाट हुने सम्बन्धित कार्यहरूको समीक्षा गरी प्रभावकारिता अभिवृद्धि गर्ने। | • विषयगत उपसमितिहरू र विशेषज्ञ समूहबाट सम्बन्धित कार्यहरूको समीक्षा गर्ने। | • समीक्षाको सुझाव बमोजिमका कार्यहरू गर्ने। | ५० |

## रणनीति-४: राष्ट्रिय बाल अधिकार परिषद्को कार्य सम्पादन मूल्याङ्कन गरिनेछ।(उद्देश्य २)

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-१ परिषद्को कार्य सम्पादनको वार्षिक समीक्षा आन्तरिक तथा आवधिक मूल्याङ्कन बाह्य रूपमा गरिनेछ। | • परिषद्को कार्यादेश र यो रणानीतिक योजना कार्यान्वयन स्थितिको समीक्षा आ.व.को अन्तिम महिना वा साउन महिनामा गर्ने। | • कार्यादेश र रणानीतिक योजना कार्यान्वयन स्थितिको समीक्षा आ.व.को अन्तिम महिना वा साउन महिनामा गर्ने। | • कार्यादेश र यो रणानीतिक योजना कार्यान्वयन स्थितिको समीक्षा आ.व.को अन्तिम महिना वा साउन महिनामा गर्ने। | • चार वर्षको कार्य सम्पादन मूल्याङ्कन आन्तरिक तथा बाह्य रूपमा गर्ने। | • अन्तिम मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्ने। | २५ |

रणनीति-५ः  संघ, प्रदेश र स्थानीय तहमा बाल संरक्षण सम्बन्धी आवश्यक सबै सेवा प्रवाह सरल, चुस्त, सहज र बालमैत्री बनाउन संरक्षण संयन्त्र र जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ ।(उद्देश्य ३)

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-१ः बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा संघ, प्रदेश र स्थानीय सरोकारवालाहरूमा बालबालिकाको पहिचानको अधिकार कार्यान्वयन लगायत बालबालिकाको संरक्षण सेवा प्रवाह सम्बन्धी क्षमता अभिवृद्धि गर्न सहजीकरण तथा सहयोग गरिनेछ । | • बाल अधिकार प्रवर्द्धन तथा बाल संरक्षण घटना व्यवस्थापन (बालविवाह, हिंसा तथा दुर्व्यवहार, बालश्रम, अनलाइन सुरक्षा समेत) बारेमा २०० वटा स्थानीय तहका सम्वद्ध सरोकारवालाको क्षमता अभिवृद्धि तालीम गर्ने ।<br>• नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरूलाई बाल संरक्षण घटना व्यवस्थापन तालीम प्रदान गर्ने (१०० जना) ।<br>• संघ, प्रदेश र स्थानीय सरोकारवालाको क्षमता अभिवृद्धि गर्नका लागि विकास साझेदार एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने । | • बाल अधिकार प्रवर्द्धन तथा बाल संरक्षण घटना व्यवस्थापन बारेमा ५०० स्थानीय तहसम्मका सम्वद्ध सरोकारवालाको क्षमता अभिवृद्धि तालीम गर्ने ।<br>• नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरूलाई बाल संरक्षण घटना व्यवस्थापन तालीम गर्ने (१५० जना) ।<br>• संघ, प्रदेश र स्थानीय सरोकारवालाको क्षमता अभिवृद्धि गर्नका लागि विकास साझेदार एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने | • बाल अधिकार प्रवर्द्धन तथा बाल संरक्षण घटना व्यवस्थापन बारेमा ७५३ स्थानीय तहसम्मका सम्वद्ध सरोकारवालालाई क्षमता अभिवृद्धि तालीम प्रदान गर्ने ।<br>• नेपाल प्रहरीको सम्बद्ध कर्मचारीलाई घटना व्यवस्थापन तालीम गर्ने (१५० जना) ।<br>• संघ, प्रदेश र स्थानीय सरोकारवालाको क्षमता अभिवृद्धि गर्नका लागि विकास साझेदार एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने | • बाल अधिकार प्रवर्द्धन तथा बाल संरक्षण घटना व्यवस्थापन बारेमा २०० वटा स्थानीय तहका सम्वद्ध सरोकारवालालाई क्षमता अभिवृद्धि तालीम प्रदान गर्ने ।<br>• नेपाल प्रहरीको सम्बद्ध कर्मचारीलाई बाल संरक्षण घटना व्यवस्थापन तालीम प्रदान गर्ने (१५० जना) ।<br>• संघ, प्रदेश र स्थानीय सरोकारवालाको क्षमता अभिवृद्धि गर्नका लागि विकास साझेदार एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने | • घटना व्यवस्थापन बारेमा १५० वटा स्थानीय तहका सम्वद्ध सरोकारवालालाई क्षमता अभिवृद्धि तालीम प्रदान गर्ने ।<br>• बाल संरक्षण घटना व्यवस्थापन तालीम प्रदान गर्ने (१५० जना) ।<br>• क्षमता अभिवृद्धि कार्यक्रमको समीक्षा गर्ने ।<br>• संघ, प्रदेश र स्थानीय सरोकारवालाको क्षमता अभिवृद्धि गर्नका लागि विकास साझेदार एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने | २५० |

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-२: प्राकृतिक विपद्बाट पीडित तथा अपाङ्गता भएका बालबालिका लगायत बाल संरक्षणका लागि आवश्यक समन्वय, सेवा प्रवाह अवस्थाको अनुगमन, बालबालिकाको उद्धार तथा संरक्षणको कार्य गरिनेछ। | • प्राकृतिक विपद् लगायत बाल संरक्षणका सवाल वा घटनाबाट पीडित तथा प्रभावित बालबालिकालाई संरक्षण सेवा प्रवाह गर्ने (१०० जना)।<br>• अपाङ्गता भएका बालबालिकाको सम्भावित उपचार (२५ जना), पुनःस्थापना तथा सचेतीकरण सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने। | • प्राकृतिक विपद् लगायत बाल संरक्षणका सवाल वा घटनाबाट पीडित तथा प्रभावित बालबालिकालाई संरक्षण सेवा प्रवाह गर्ने (१०० जना)।<br>• अपाङ्गता भएका बालबालिकाको सम्भावित उपचार, पुनःस्थापना तथा सचेतीकरण सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने। | • प्राकृतिक विपद् लगायत बाल संरक्षणका सवाल वा घटनाबाट पीडित तथा प्रभावित बालबालिकालाई संरक्षण सेवा प्रवाह गर्ने (१०० जना)।<br>• अपाङ्गता भएका बालबालिकाको सम्भावित उपचार, पुनःस्थापना तथा सचेतीकरण कार्यक्रम स्थानीय तहमा मूल प्रवाहीकरणका लागि समन्वय गर्ने। | • प्राकृतिक विपद् लगायत बाल संरक्षणका सवाल वा घटनाबाट पीडित तथा प्रभावित बालबालिकालाई संरक्षण सेवा प्रवाह गर्ने (१०० जना)।<br>• अपाङ्गता भएका बालबालिकाको सम्भावित उपचार, पुनःस्थापना तथा सचेतीकरण कार्यक्रम स्थानीय तहमा मूल प्रवाहीकरणका लागि समन्वय गर्ने | • प्राकृतिक विपद् लगायत बाल संरक्षणका सवाल वा घटनाबाट पीडित तथा प्रभावित बालबालिकालाई संरक्षण सेवा प्रवाह गर्ने (१०० जना)।<br>• अपाङ्गता भएका बालबालिकाको सम्भावित उपचार, पुनःस्थापना तथा सचेतीकरण कार्यक्रमको मूल्याङ्कन तथा समीक्षा गर्ने | १०० |
| कार्यनीति-३ देशबाहिर र भित्र ओसारपसार, बेचबिखन, हिंसा, शोषणमा परेका तथा बेवारिसे भएका नेपाली बालबालिकाको उद्धार, स्वदेश फिर्ती, परिवार पहिचान, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना सम्बन्धी कार्य गरिनेछ।<br>रोकथामूलक कार्यहरू गरिनेछ। | • सम्बन्धित देशको बालबालिका हेर्ने निकाय तथा गैससहरूसँगको सहकार्यमा बेवारिसे तथा कसूरपीडित बालबालिकाको उद्धार र स्वदेश फिर्ती सेवा प्रवाह गर्ने।<br>• देशभित्र जोखिममा परेका बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गर्ने।<br>जोखिममा पर्नबाट बचाउन रोकथामूलक कार्यहरू गर्ने। | • मुलुकबाहिर जोखिममा परेका बालबालिकाको उद्धार तथा पारिवारिक पुनर्मिलन गर्ने।<br>• देशभित्र जोखिममा परेका बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गर्ने।<br>• यस विषयमा प्रचार-प्रसार तथा सचेतना अभिवृद्धि गर्ने। | • मुलुकबाहिर जोखिममा परेका बालबालिकाको उद्धार तथा पारिवारिक पुनर्मिलन गर्ने।<br>• जोखिममा परेका बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गर्ने। | • मुलुकबाहिर जोखिममा परेका बालबालिकाको उद्धार तथा पारिवारिक पुनर्मिलन गर्ने।<br>• जोखिममा परेका बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गर्ने। | • बालबालिका विरुद्ध हुने ओसारपसार र बेचबिखन सम्बन्धी राष्ट्रिय अध्ययन गर्ने।<br>• जोखिममा परेका बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गर्ने। | ५० |

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-४ः सडक बालबालिका मुक्त राष्ट्र बनाउन सहयोग, समन्वय, सहजीकरण र सहकार्य गरिनेछ । | • सडक बालबालिकाको तत्काल उद्धार, संरक्षण र व्यवस्थापन गर्ने ।<br>• सडकबाट उद्धार गरी सामाजिकीकरणको प्रक्रियामा रहेका बालबालिकालाई विभिन्न गैसस एवम् खेलकुदसँग सम्बन्धित संस्थाहरूसँगको समन्वयमा सीपमूलक तालीम, खेलकुदमा सहभागिता, पारिवारिक पुनर्मिलन तथा परिवार सहयोग, पारिवारिक परामर्श लगायतका कार्यहरू सञ्चालन गर्ने ।<br>• माग्ने बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन तथा रोकथामका लागि समन्वय र सहजीकरण गर्ने । | • सडकमा नयाँ आउन सक्ने बालबालिकाको आगमन तत्काल सम्बोधनका लागि संयन्त्रहरूको क्षमता अभिवृद्धि गर्ने ।<br>• सडकबाट उद्धार गरी सामाजिकीकरणको प्रक्रियामा रहेका बालबालिकालाई विभिन्न गैसस एवम् खेलकुदसँग सम्बन्धित संस्थाहरूसँगको समन्वयमा सीपमूलक तालीम, खेलकुदमा सहभागिता, पारिवारिक पुनर्मिलन तथा परिवार सहयोग, पारिवारिक परामर्श लगायतका कार्यहरू सञ्चालन गर्ने ।<br>• माग्ने बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन तथा रोकथामका लागि समन्वय र सहजीकरण गर्ने । | • सडकमा नयाँ आउन सक्ने बालबालिकाको आगमन तत्काल सम्बोधनका लागि संयन्त्रहरूको क्षमता अभिवृद्धि गर्ने ।<br>• सडकबाट उद्धार गरी सामाजिकीकरणको प्रक्रियामा रहेका बालबालिकालाई विभिन्न गैसस एवम् खेलकुदसँग सम्बन्धित संस्थाहरूसँगको समन्वयमा सीपमूलक तालीम, खेलकुदमा सहभागिता, पारिवारिक पुनर्मिलन तथा परिवार सहयोग, पारिवारिक परामर्श लगायतका कार्यहरू सञ्चालन गर्ने ।<br>• माग्ने बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन तथा रोकथामका लागि समन्वय र सहजीकरण गर्ने । | • बाल संरक्षण संयन्त्रहरूको क्षमता अभिवृद्धि गर्ने ।<br>• सडकबाट उद्धार गरी सामाजिकीकरणको प्रक्रियामा रहेका बालबालिकालाई विभिन्न गैसस एवम् खेलकुदसँग सम्बन्धित संस्थाहरूसँगको समन्वयमा सीपमूलक तालीम, खेलकुदमा सहभागिता, पारिवारिक पुनर्मिलन तथा परिवार सहयोग, पारिवारिक परामर्श लगायतका कार्यहरू सञ्चालन गर्ने ।<br>• माग्ने बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन तथा रोकथामका लागि समन्वयव र सहजीकरण गर्ने । | • सडक बालबालिका मुक्त राष्ट्र अभियानको समीक्षा गर्ने ।<br>• सडकबाट उद्धार गरी सामाजिकीकरणको प्रक्रियामा रहेका बालबालिकालाई विभिन्न गैसस एवम् खेलकुदसँग सम्बन्धित संस्थाहरूसँगको समन्वयमा सीपमूलक तालीम, खेलकुदमा सहभागिता, पारिवारिक पुनर्मिलन तथा परिवार सहयोग, पारिवारिक परामर्श लगायतका कार्यहरू सञ्चालन गर्ने ।<br>• माग्ने बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन तथा रोकथामका लागि समन्वय र सहजीकरण गर्ने । | १२२० |

रणनीति-६ः परिषद्मार्फत सञ्चालनमा रहेका बाल संरक्षण संयन्त्रहरूको विस्तार गरी विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको सेवा प्रवाहमा पहुँच बढाइने छ ।(उद्देश्य ३)

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-१ः बाल हेल्पलाइन सेवा विस्तार, सवलीकरण, सहयोग र प्रभावकारी बनाइने छ । | • बाल हेल्पलाइन सेवा विस्तारका लागि विद्यमान कार्यविधिको संशोधन गर्ने ।<br>• बाल हेल्पलाइन सेवा १८ स्थानबाट सञ्चालन गरी १२ हजार बालबालिकालाई बाल हेल्पलाइन सेवा प्रवाह गर्ने ।<br>• बालविवाह, अनलाइन सुरक्षा लगायत बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा प्रभावित बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने | • बाल हेल्पलाइन सेवा २५ स्थानबाट सञ्चालन गरी १५ हजार बालबालिकालाई बाल हेल्पलाइन सेवा प्रवाह गर्ने ।<br>• बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा प्रभावित बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने | • बाल हेल्पलाइन सेवा २५ स्थानबाट सञ्चालन गरी १५ हजार बालबालिकालाई बाल हेल्पलाइन सेवा प्रवाह गर्ने ।<br>• बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा प्रभावित बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने | • बाल हेल्पलाइन सेवा २५ स्थानबाट सञ्चालन गरी १५ हजार बालबालिकालाई बाल हेल्पलाइन सेवा प्रवाह गर्ने ।<br>• बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा प्रभावित बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने | • बाल हेल्पलाइन सेवा सवलीकरण गर्ने ।<br>• कार्य सम्पादन समीक्षा गर्ने । | ९०० |
| कार्यनीति-२ः बालबालिका खोजतलास सेवाको विस्तार गरी प्रभावकारी परिचालन गरिनेछ । | • बालबालिका खोजतलास सेवा काठमाडौं उपत्यका बाहेक अन्य तीन प्रदेशमा सञ्चालन गरी हराएका बालबालिका फेला पर्ने दर ९३ प्रतिशतसम्म वृद्धि गर्ने ।<br>• बेवारिस फेला परेका बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गर्ने ।<br>• सडकमा रहेका थप नयाँ सडक बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गर्ने (१५० जना) ।<br>• बेचबिखन तथा ओसारपसारमा परेका, जोखिमपूर्ण कार्यमा संलग्न रहेका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने । | • बालबालिका खोजतलास सेवा काठमाडौं उपत्यका बाहेक सातै प्रदेशमा सञ्चालन गरी हराएका बालबालिका फेला पर्ने दर ९५ प्रतिशतसम्म वृद्धि गर्ने ।<br>• बेवारिस फेला परेका बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गर्ने ।<br>• सडकमा रहेका थप नयाँ सडक बालबालिका उद्धार संरक्षण र व्यवस्थापन गर्ने (१५० जना) ।<br>• बेचबिखन तथा ओसारपसारमा परेका, जोखिमपूर्ण कार्यमा संलग्न रहेका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने । | • सबै बालबालिका खोजतलास सेवाका जनशक्तिलाई तालीम प्रदान गर्ने ।<br>सबै हराएका बालबालिका फेला पार्ने ।<br>बेवारिस फेला परेका बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गर्ने ।<br>• सडकमा रहेका थप नयाँसमेत सबै सडक बालबालिका उद्धार संरक्षण र व्यवस्थापन गर्ने । | • बेचबिखन तथा ओसारपसारमा परेका, जोखिमपूर्ण कार्यमा संलग्न रहेका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने ।<br>• बालबालिका खोजतलास सेवा सातै प्रदेशमा सञ्चालन गरी हराएका र बेवारिस फेला परेका बालबालिकाको समस्या सम्बोधन गर्ने ।<br>• सडक बालबालिका उद्धार संरक्षण र व्यवस्थापन कार्य निरन्तर गर्ने ।<br>• बेचबिखन तथा ओसारपसारमा परेका, जोखिमपूर्ण कार्यमा संलग्न रहेका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने । | • अघिल्लो वर्षका सबै कार्य निरन्तर गरी कार्य सञ्चालन तथा व्यवस्थापनको समीक्षा गरी सुधारका उपायहरू अवलम्बन गर्ने । | १२०० |

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-३: अस्थायी संरक्षण सेवा प्रबन्ध तथा पुनःस्थापना सेवा प्रदायकहरूको सूचीकरण तथा सहजीकरण गरिनेछ। | • विशिष्टीकृत सेवाहरूको आधारमा अस्थायी संरक्षण सेवा र पुनःस्थापना सेवा प्रदायकहरूको सूचीकरण र सहयोग गर्ने (३० वटा)।<br>• २ हजार जना बालबालिकालाई अस्थायी संरक्षण सेवा तथा पुनःस्थापना सेवा प्रदान गर्ने। | • विशिष्टीकृत सेवाहरूको आधारमा अस्थायी संरक्षण सेवा र पुनःस्थापना सेवा प्रदायकहरूको सूचीकरण र सहयोग गर्ने (३५ वटा)।<br>• २ हजार जना बालबालिकालाई अस्थायी संरक्षण सेवा तथा पुनःस्थापना सेवा प्रदान गर्ने। | • विशिष्टीकृत सेवाहरूको आधारमा अस्थायी संरक्षण सेवा र पुनःस्थापना सेवा प्रदायकहरूको सूचीकरण र सहयोग गर्ने (४० वटा)।<br>• २ हजार जना बालबालिकालाई अस्थायी संरक्षण सेवा तथा पुनःस्थापना प्रदान गर्ने। | • विशिष्टीकृत सेवाहरूको आधारमा अस्थायी संरक्षण सेवा र पुनःस्थापना सेवा प्रदायकहरूको सूचीकरण गर्ने (४० वटा)।<br>• २ हजार जना बालबालिकालाई अस्थायी संरक्षण सेवा तथा पुनःस्थापना सेवा प्रदान गर्ने। | • अघिल्लो वर्षका सबै कार्य निरन्तर गरी कार्य सञ्चालन तथा व्यवस्थापनको समीक्षा गरी सुधारका उपायहरू अवलम्बन गर्ने। | १०० |

## रणनीति-७: विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको प्रवर्द्धन गर्दै निःसंस्थाकरण अभियान सवल बनाइने छ।(उद्देश्य ३)

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-१: वैकल्पिक हेरचाहको व्यवस्था प्रभावकारी बनाउने एवम् आवासीय बाल गृह सञ्चालन सम्बन्धी मापदण्ड तथा कानूनी व्यवस्थाका बारेमा बाल गृह सञ्चालकहरूलाई अभिमूखीकरण गरिनेछ। | • परिवारमा आधारित संस्था तथा बाल गृह सञ्चालन अनुमतिका लागि आवेदन आह्वान गर्ने, लेखाजोखा गर्ने, अनुमति दिने र सञ्चालनमा रहेका बाल गृहलाई विद्यमान कानूनी व्यवस्था तथा मापदण्डको बारेमा अभिमूखीकरण तथा सहजीकरण गर्ने।<br>• मापदण्ड विपरीत सञ्चालनमा रहेका बाल गृहहरूबाट बालबालिकाको उद्धार तथा संरक्षण व्यवस्थापन गर्ने (२५ वटा)।<br>• विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको घटना सम्बोधन तथा व्यवस्थापन गर्ने।<br>• बाल गृह सञ्चालकहरूलाई अभिमूखीकरण गर्ने (१०० वटा)। | • मापदण्ड विपरीत सञ्चालनमा रहेका बाल गृहहरूका बालबालिकाको पारिवारिक पुनर्मिलन, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने (२५ वटा)।<br>• सञ्चालनमा रहेका बाल गृहलाई विद्यमान कानूनी व्यवस्था तथा मापदण्डको बारेमा अभिमूखीकरण तथा सहजीकरण गर्ने।<br>• विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको घटना सम्बोधन तथा व्यवस्थापन गर्ने।<br>• बाल गृह सञ्चालकहरूलाई अभिमूखीकरण गर्ने (२०० वटा)। | • बाल गृह सञ्चालन नियमन गर्ने र बाल गृह सञ्चालकहरूलाई अभिमूखीकरण गर्ने (२०० वटा)।<br>• वैकल्पिक हेरचाहका सबै व्यवस्थाको समीक्षा गर्ने।<br>• विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको घटना सम्बोधन तथा व्यवस्थापन गर्ने। | • विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सेवा प्रदान गर्ने।<br>• आवासीय बाल गृहको नियमन गर्ने र बाल गृह सञ्चालकहरूलाई अभिमूखीकरण गर्ने (२०० वटा)। | • अघिल्लो वर्षका कार्यहरू निर न्तर गरी विशे ष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सेवा र वैकल्पिक हेरचाह सम्बन्धी कार्य सम्पादनको समीक्षा गर्ने। | १२० |

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-२ः स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई वैकल्पिक हेरचाहको व्यवस्था बारेमा जानकारी गराइने छ (अन्य सम्बद्ध तालीमसँग पनि समायोजन गरिनेछ) । | • स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूलाई वैकल्पिक हेरचाहको व्यवस्था बारेमा अभिमूखीकरण गर्ने (२०० स्थानीय तह) । | • स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूलाई वैकल्पिक हेरचाहको व्यवस्था बारेमा अभिमूखीकरण गर्ने (५०० स्थानीय तहसम्म) । | • स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूलाईवैकल्पिक हेरचाहको व्यवस्था बारेमा अभिमूखीकरण गर्ने (७५३ स्थानीय तह) । | • वैकल्पिक हेरचाहको व्यवस्थाको समीक्षा तथा मूल्याङ्कन गर्ने | • अघिल्लो वर्षका सबै कार्य निरन्तर गरी वैकल्पिक हेरचाहको व्यवस्थाको समीक्षा गरी सुधारका उपायहरू अवलम्बन गर्ने । | ६० |

## रणनीति-८ः बाल अधिकार सम्बन्धी राष्ट्रिय सूचना तथा स्रोत केन्द्रको विकास तथा सञ्चालन गर्न आवश्यक आर्थिक र प्राविधिक स्रोतसाधनको व्यवस्था गरिनेछ ।(उद्देश्य ४)

| **कार्यनीति** | **कार्ययोजना** | | | | | **पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा)** |
|---|---|---|---|---|---|---|
| | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौं वर्ष** | |
| कार्यनीति-१ः परिषद्मा बाल अधिकार सम्बन्धी राष्ट्रिय सूचना स्रोत केन्द्र विकास र सञ्चालन गरिनेछ । | • बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन सार्वजनिक गर्ने ।<br>• आर्थिक, प्राविधिक र जनशक्तिसहित बाल अधिकारसँग सम्बन्धित स्रोतसाधन, सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा बाल अधिकार इ-एकेडेमी निर्माण तथा सञ्चालन गर्ने ।<br>• बाल अधिकारसँग सम्बन्धित नयाँ विषयहरूमा खोजमूलक/ अनुसन्धनात्मक लेखसहित त्रैमासिक रूपमा सार्वजनिक वहस श्रृंखला चलाउने । | • बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन सार्वजनिक गर्ने ।<br>• बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी विभिन्न मार्गदर्शन तथा पुस्तिका प्रकाशन तथा वितरण गर्ने ।<br>• बाल अधिकार इ-एकेडेमीको लागि ५० जना स्रोतव्यक्तिहरूको क्षमता विकास र परिचालन गर्ने ।<br>• बाल अधिकार सम्बन्धी राष्ट्रिय सूचना स्रोत केन्द्र सञ्चालनका लागि क्षमता बढाउने ।<br>• बाल अधिकारसँग सम्बन्धित नयाँ विषयहरूमा खोजमूलक/ अनुसन्धनात्मक लेखसहित त्रैमासिक रूपमा सार्वजनिक वहस श्रृंखला चलाउने । | • बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन सार्वजनिक गर्ने ।<br>• बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी विभिन्न मार्गदर्शन तथा पुस्तिका प्रकाशन तथा वितरण गर्ने ।<br>• बाल अधिकार सम्बन्धी राष्ट्रिय सूचना स्रोत केन्द्रको कार्य सम्पादन समीक्षा गर्ने र आवश्यक पक्षहरू सुधार गर्ने ।<br>• बाल अधिकारसँग सम्बन्धित नयाँ विषयहरूमा खोजमूलक/ अनुसन्धनात्मक लेखसहित त्रैमासिक रूपमा सार्वजनिक वहस श्रृंखला चलाउने । | • बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन सार्वजनिक गर्ने ।<br>• बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी विभिन्न मार्गदर्शन तथा पुस्तिका प्रकाशन तथा वितरण गर्ने ।<br>• बाल अधिकार सम्बन्धी राष्ट्रिय सूचना स्रोत केन्द्रको क्षमता अभिवृद्धि गर्ने ।<br>• बाल अधिकारसँग सम्बन्धित नयाँ विषयहरूमा खोजमूलक/ अनुसन्धनात्मक लेखसहित त्रैमासिक रूपमा सार्वजनिक वहस श्रृंखला चलाउने । | • बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन सार्वजनिक गर्ने ।<br>• बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी विभिन्न मार्गदर्शन तथा पुस्तिका प्रकाशन तथा वितरण गर्ने ।<br>• अघिल्लो वर्षका सबै कार्य निरन्तर गरी वैकल्पिक हेरचाहका व्यवस्थाको समीक्षा गरी सुधारका उपायहरू अवलम्बन गर्ने । | २५० |

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-२ः बाल संरक्षण घटना व्यवस्थापन प्रक्रिया सहजीकरणका लागि सूचना प्रणाली सञ्चालन गरिनेछ । | • २० वटा स्थानीय तह, १८ वटा बाल हेल्पलाइन, ४ वटा बालबालिका खोजतलास सेवा केन्द्र, २० वटा अस्थायी संरक्षण सेवा केन्द्र लाई बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तालीम दिने ।<br>• सूचना प्रणाली विकास तथा सञ्चालनका लागि युनिसेफ नेपाल लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने । | • बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली पाइलटिङ निरन्तर गर्ने । यसमा थप सञ्चालनमा आएका बाल हेल्पलाइन, बालबालिका खोजतलास सेवा र अस्थायी संरक्षण सेवा समेत समावेश गर्ने) ।<br>• सूचना प्रणालीको अद्यावधिक र सुदृढीकरणका लागि युनिसेफ नेपाल लगायत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने । | • बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा सरोकारवाला सबै निकाय वा सस्था समावेश गर्ने ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको समन्वयमा २०० वटा स्थानीय तहमा बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली लागू गर्न समन्वय र सहजीकरण गर्ने । | • बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा सरोकारवाला सबैको कार्य सम्पादन समीक्षा गरी क्षमता अभिवृद्धि गर्ने ।<br>• सूचना प्रणालीको अद्यावधिक र सुदृढीकरणका लागि सरकारी संयन्त्र र विकास साझेदारसँग सहकार्य बढाउने ।<br>• ३०० वटा स्थानीय तहसम्ममा बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली सञ्चालनका लागि समन्वय र सहजीकरण गर्ने | • अघिल्लो वर्षका सबै कार्य निरन्तर गरी वैकल्पिक हेरचाहका व्यवस्थाको समीक्षा गरी सुधारका उपायहरू अवलम्बन गर्ने ।<br>• ३५० वटा स्थानीय तहमा बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली सञ्चालनका लागि समन्वय र सहजीकरण गर्ने | ७०० |
| कार्यनीति-३ः राष्ट्रिय सर्वेक्षण र अध्ययनबाट नसमेटिएका बालबालिका सम्बन्धी गहन सवालहरूमा अध्ययन गरिनेछ । | बालबालिकाका लागि सार्वजनिक लगानी सम्बन्धी अध्ययन गर्ने ।<br>पूर्वीय दर्शनको दृष्टीकोणबाट बाल अधिकार विषयको अध्ययन गर्ने । | बालबालिकाको बेचविखन तथा ओसार पसार सम्बन्धी राष्ट्रिय अध्ययन गर्ने ।<br>बालबालिकाको अनलाइन सुरक्षा सम्बन्धी अध्ययन गर्ने ।<br>अन्य समसामयिक विषयमा अध्ययन गर्ने । | सडक बालबालिका मुक्त राष्ट्र अभियान सम्बन्धी राष्ट्रिय अध्ययन गर्ने ।<br>हराएका बालालिका सम्बन्धी अध्ययन गर्ने । | वैकल्पिक हेरचाह व्यवस्था कार्यान्वयन सम्बन्धी राष्ट्रिय अध्ययन गर्ने ।<br>बाल विज्याँईमा परेका बालबालिका तथा परिवारको अवस्था सम्बन्धी अध्ययन गर्ने । | चार वर्षको कार्य सम्पादन समीक्षा गर्ने र आवश्यकता अनुसारको अध्ययन कार्य गर्ने । | २०० |

## रणनीति-९: बाल अधिकार तथा बाल संरक्षण सम्बन्धी सूचना व्यवस्थापनका लागि प्रदेश र स्थानीय तहसँग समन्वय गरिनेछ ।(उद्देश्य ४)

| कार्यनीति | कार्ययोजना | | | | | पाँच वर्षका लागि अनुमानित बजेट (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| कार्यनीति-१: बाल अधिकार तथा बाल संरक्षण सम्बन्धी खण्डिकृत सूचना व्यवस्थापन, बाल संरक्षण सूचना व्यवस्थापन तथा प्रतिवेदनका लागि प्रदेश र स्थानीय तहलाई समन्वय, सहयोग तथा सहजीकरण गरिनेछ । | ➢ प्रदेश र स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण सम्बन्धी सूचना व्यवस्थापन, बाल संरक्षण सूचना व्यवस्थापन तथा प्रतिवेदन तयारीका लागि परिषद्को प्रदेश समन्वय अधिकृत मार्फत समन्वय तथा सहजीकरण गर्ने ।<br>➢ हराएका तथा फेला परेका बालबालिकाको सूचना व्यवस्थापनका लागि मोबाइल एप्स निर्माण गरी लागू गर्ने । | सूचना व्यवस्थापन तथा प्रतिवेदन तयारीका लागि परिषद्को प्रदेश समन्वय अधिकृत मार्फत समन्वय तथा सहजीकरण गर्ने ।<br>सूचना व्यवस्थापन प्रणाली तथा बाल संरक्षण घटना व्यवस्थापन सञ्चालनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको समन्वयमा प्रदेश सरकार र स्थानीय तहमा समन्वय, सहजीकरण र सहकार्य गर्ने ।<br>२०० वटा स्थानीय तहलाई सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालीम प्रदान गर्ने । | प्रदेश र स्थानीय तहमा सूचना व्यवस्थापनमा समन्वय तथा सहजीकरण गर्ने ।<br>थप २०० वटा स्थानीय तहमा बाल अधिकार सूचना व्यवस्थापन प्रणाली सञ्चालनका लागि समन्वय, सहजीकरण र सहकार्य गर्ने ।<br>सूचना व्यवस्थापन र प्रतिवेदन सम्बन्धी कार्य सम्पादन समीक्षा गर्ने । | सबै प्रदेश र स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण सम्बन्धी सूचना व्यवस्थापन, बाल संरक्षण सूचना व्यवस्थापनमा समन्वय, सहयोग तथा सहजीकरण गर्ने । | अघिल्लो वर्षका सबै कार्य निरन्तर गरी वैकल्पिक हेरचाहका व्यवस्थाको समीक्षा गरी सुधारका उपायहरू अवलम्बन गर्ने । | ७० |

नोटः

१. रणनीति १ देखि ९ सम्मका कार्यहरू ५ वर्षसम्म सम्पादनका लागि जम्मा ५४ करोड ७५ लाख ।

२. यो अनुमानित बजेटमा परिषद्को नियमित सञ्चालन, कर्मचारी तलव वा खर्च समावेश भएको छैन ।

३. परिषद्ले यो रणनीति योजनाको कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध सरकारी, विकास साझेदार र गैरसरकारी संस्था तथा सञ्जालसँग समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्नेछ ।

## ८. अपेक्षित उपलब्धी

यस रणनीतिक योजनाको कार्यान्वयनबाट २०८४ साल माघ मसान्तसम्म देहायका उपलब्धिहरू हासिल हुने अपेक्षा (परिलक्ष्य) गरिएको छः-

१. राष्ट्रिय बाल अधिकार परिषद्को संस्थागत, आर्थिक, भौतिक र जनशक्ति व्यवस्थापनमा सुधार भई कार्य सम्पादन भएको हुनेछ ।

२. बालबालिका सम्बन्धी ऐन र राष्ट्रिय नीति परिमार्जन भई कार्यान्वयनमा रहनेछ ।

३. परिषद्मा बाल अधिकार सम्बन्धी राष्ट्रिय सूचना स्रोत केन्द्र सरल र सहज रूपमा सञ्चालनमा रहनेछ ।

४. बाल अधिकार तथा बाल संरक्षण सूचना प्रणाली व्यवस्थित ढङ्गले सञ्चालन भएको हुनेछ ।

५. बाल अधिकार र बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली सबै स्थानीय तहमा सञ्चालनमा रहनेछ ।

६. संघ, प्रदेश र स्थानीय तहमा बाल अधिकार संरक्षण संयन्त्रहरू सक्रिय भई बाल संरक्षण प्रणाली सुदृढ भएको हुनेछ ।

७. प्रत्येक वर्ष बालबालिकाको स्थिति लगायतका प्रतिवेदन र अन्य आवश्यक सामग्री प्रकाशन तथा संप्रेक्षण भएको हुनेछ ।

८. विकास साझेदार र नागरिक सञ्जालसँगको समन्वय र सहकार्य अभिवृद्धि भएको हुनेछ ।

९. बाल हेल्पलाइन सेवा २५ स्थानबाट तथा ७ प्रदेशबाट बालबालिका खोजतलास सेवा सञ्चालन भएको हुनेछ ।

१०. विशेष संरक्षणको आवश्यकता भएका तथा हिंसा, दुर्व्यवहार र जोखिम अवस्थामा परेका बालबालिकाको घटना व्यवस्थापन प्रक्रिया सुदृढ भएको हुनेछ ।

११. सबै हराएका र बेवारिस फेला परेका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना भएको हुनेछ ।

१२. कानून बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था प्रभावकारी भएको हुनेछ ।

## ९. अध्ययन, अनुगमन, प्रतिवेदन, मूल्याङ्कन र सम्प्रेषण

१. राष्ट्रिय सर्वेक्षण र अध्ययनबाट नसमेटिएका बालबालिका सम्बन्धी गहन सवालहरूमा अध्ययन सम्पादन गरिनेछ ।

२. सूचना व्यवस्थापन प्रणालीको विकास र प्रयोगबाट बालबालिकाको अवस्थासँग सम्बन्धित कार्यहरूको नतिजा अनुगमन तथा मूल्याङ्कनका आधार तय गरिनेछ ।
३. परिषद्का आवधिक तथा वार्षिक स्वीकृत कार्यहरू र बाल गृह लगायतका विषयहरूको प्रक्रिया र प्रतिफलको निरन्तर नियमन तथा अनुगमन व्यवस्थामा सुधार गरिनेछ ।

## १०. कार्यान्वयन व्यवस्था

यो रणनीतिक योजना राष्ट्रिय बाल अधिकार परिषद्को संस्थागत योजना भएकोले मूलतः कानून प्रदत्त कार्यादेशलाई केन्द्रमा राखी बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि परिषद्ले निर्वाह गर्नुपर्ने भूमिकालाई पाँच वर्षहरूमा प्रस्तुत गरिएको छ। पाँच वर्षसम्म गर्नुपर्ने समग्र कार्यहरूमध्ये कतिपय कार्यहरू परिषद्बाटै सम्पादन हुन सक्ने प्रकृतिका छन् भने कतिपय कार्यहरू संघीय मन्त्रालयहरू, आयोगहरू तथा अन्य निकायहरूसँग, प्रदेशका सम्बद्ध मन्त्रालय तथा निकायहरूसँग र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नुपर्नेछ र कार्यान्वयनको क्रममा तीनै सम्बद्ध सरोकारवालालाई सहजीकरण गर्नुपर्ने प्रकृतिका छन् । यसैगरी, आवश्यकता अनुसार संघ, प्रदेश र स्थानीय तहका विकास साझेदार, गैरसरकारी संस्था तथा सञ्जालसँगको समन्वय र सहकार्य गर्नुपर्ने प्रकृतिका पनि छन् । निजी क्षेत्रसँग र सञ्जालसँगको समेत समन्वय र सहकार्यमा कतिपय कार्यहरू शुरुवात गरी निरन्तरता दिइनेछ । यस पृष्ठभूमिमा यो योजनाको कार्यान्वयन मिश्रित तौरतरिकाको हुनेछ । नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायतका संघीय तालुक मन्त्रालय/निकायले परिषद्को कार्य सम्पादन सम्बन्धी विषयहरूलाई समन्वय र सहयोग गरी आवश्यक पृष्ठपोषण गर्न सक्नेछन् ।

## ११. स्रोत व्यवस्थापन

राष्ट्रिय बाल अधिकार परिषद्ले आफ्नो कार्यादेश अनुसार कार्य गरी बाल संरक्षण र अधिकारका विषयहरूलाई नतिजामूलक ढङ्गबाट कार्यान्वयन गर्नका लागि निम्नानुसार आर्थिक स्रोत व्यवस्थापन गर्नेछः-

१. राष्ट्रिय बाल अधिकार परिषद्को लागि आर्थिक स्रोत अभिवृद्धि गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय र सहजीकरण गरिनेछ ।
२. संघ, प्रदेश र स्थानीय सरकारबाट बालबालिकाका लागि लगानी वृद्धि गर्न समन्वय र सहजीकरण गरिनेछ ।
३. संयुक्त राष्ट्रसंघीय निकाय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग कार्यक्रमको साझेदारी अभिवृद्धि गरिनेछ ।

४. गैरसरकारी संस्था तथा नागरिक सञ्जालसँग समेतको सहकार्यबाट स्रोत व्यवस्थापन गरी कार्य सम्पादन गरिनेछ ।

५. बहुपक्षीय, द्विपक्षीय लगायत विश्व बैङ्क, एसियाली विकास बैङ्कजस्ता संस्थाहरूसँग कार्यक्रम सहयोगका लागि समन्वय तथा सहजीकरण गरिनेछ ।

६. निजी क्षेत्रसँग सहकार्य तथा कार्यक्रम सहयोगका लागि अन्तरक्रिया तथा समन्वय गरिनेछ ।